# जीतपुरसिमरा उपमहानगरपालिका, नगरकार्यपालिकाको
## बत्तिसौं बैठक

आज मिति २०७५।१०।२९ गते मंगलवार दिउसो ११:३० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको बत्तिसौं बैठक नगरप्रमुख डा.कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित बिषयहरुमा छलफल गरीयो ।

**उपस्थिति**

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडाध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहित चौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री बिनोद प्रसाद यादव, वडाध्यक्ष-११

श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसाद सिंह थारु, वडाध्यक्ष-१३

श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदारनाथ बजगाई, वडाध्यक्ष- १६

श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, कार्यपालिका सदस्य

श्री रामदुलारी चौधरी, कार्यपालिका सदस्य

श्री सुन्दर बहादुर सुनार, कार्यपालिका सदस्य

श्री श्याम सुन्दर पासवान, कार्यपालिका सदस्य

श्री राजकुमार महरा, कार्यपालिका सदस्य

श्री अनिता देवी चौधरी, कार्यपालिका सदस्य

श्री सुभद्रा न्यौपाने, कार्यपालिका सदस्य

श्री कमल चौधरी, कार्यपालिका सदस्य

श्री शिवराज सेढाई – स.सचिव

<u>अन्य उपस्थिती</u>

श्री पवन कुमार अधिकारी, लेखा अधिकृत
श्री शंकर ठाकुर, शाखा अधिकृत
श्री वीरेन्द्र वाईबा,ना.सु.

**<u>कार्यपालिकाको बतीसौं बैठकका प्रस्तावहरु:</u>**

१. रिपोर्टिङ्ग तथा कार्य प्रगति

२. विषयगत समितिहरुका वैठकका निर्णयहरु

३. एकीकृत नगर विकास योजना र युआईआईपी योजना

४. नियमावली तथा कार्यविधिहरु

५. ५०/५० प्रतिशत लागत सहभागिता योजना

६. भवन अध्यावधिक तथा नक्शा पास

७. आ. व. २०७६।०७७ को वार्षिक वजेट

८. राजस्वतर्फ करठेक्काहरु

९. विविध

१) नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेल र नि. प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज सेढाईंबाट उपमहानगरपालिकाको समग्र गतिविधि, प्रशासनिक काम कारवाही तथा योजना सञ्चालन सम्वन्धी विवरण प्रस्तुत भयो ।

२) तपसिलका विषयगत समितिहरुबाट भएका तपसिलका निर्णयहरु अनुमोदन गर्ने निर्णय भयो:

<u>क) पूर्वाधार विकास समिति</u>

१. नगरस्तरीय योजना कार्यान्वयनक्रममा जीतपुर फत्तेपुर सडक (५० लाख) अन्तर्गत आमाडारमा ७ मीटर सडक ढलान गर्न, जीतपुर रमौली इनर्वासिरा (४० लाख) सडक राजेश मेटल गेटदेखि रमौली हुदै इनर्वासिरा सडक ढलानका लागि सि

२. खेलकुद क्षेत्र (बडहर्वा, फत्तेपुर, अमलेखगञ्ज, इनर्वासिरा लगायत क्षेत्रमा रहेको (रु. २५ लाख) बजेट विनियोजन गर्ने निर्णय गरियो ।

३. अल्या भई आएको पर्यटन जोन शिर्षकमा विनियोजित रु. १० लाखको उपभोक्ता समितिमार्फत काम गराउने निर्णय गरियो ।

४. पचास प्रतिशत अनुदान योजना कार्यक्रम स्वीकृतिका लागि सिफारिश गर्ने निर्णय गरियो ।

**<u>ख) कृषि, सहकारी तथा भूमि व्यवस्थापन समिति</u>**

१. पथलैया र डुमरवानालगायत विभिन्न स्थानहरुमा विगतमा सुकुम्वासी समस्या समाधान आयोगबाट वितरित जग्गाधनी प्रमाण पूर्जा वितरण भएका र विवादरहित श्रेस्ताहरुलाई चलनचल्तीमा ल्याउनका लागि पहल गर्ने निर्णय गरियो ।

२. कृषि क्षेत्रमा भएको कार्यक्रमलाई संशोधन प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरियो । कृषि क्षेत्रको सशर्त अनुदानको बजेट कार्यान्वयन प्रक्रियालाई तीव्रतासाथ अघि बढांउन निर्देशन गर्ने ।

३. यस उपमहानगरपालिकाको प्रत्येक वडामा एक वडा एक उत्पादन कार्यक्रम सञ्चालनका लागि प्रत्येक वडाबाट कृषि उत्पादनसम्वन्धी आवश्यक विवरण मांग गर्ने निर्णय गरियो ।

<u>ग) सामाजिक विकास समिति</u>

सामाजिक विकास समितिको सिफारिशलाई अनुमोदन गर्ने निर्णय गरियो ।

३) एकीकृत नगर विकास योजना र युआइआइपी योजनाहरुको अवस्थावारे वैठकलाई जानकारी गराइयो ।

४) जीतपुरसिमरा उपमहानगरपालिकालाई आवश्यक ऐन, ऐन संशोधन, नियमावली तथा कार्यविधिहरुको मस्यौदा विषय विशेषज्ञ वा फर्महरुमार्फत तयार गर्न कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

सहकारी तथा शिक्षा ऐन संशोधन

शिक्षा नियमावली तथा कार्यविधि

सहकारी नियमावली तथा कार्यविधि

स्वास्थ्य नियमावली तथा कार्यविधि

लक्षित वर्ग योजना सञ्चालन नियमावली

व्यवसाय दर्ता तथा नियमन नियमावली

अन्य आवश्यक नियमावली तथा कार्यविधिहरु

५) ५०-५० प्रतिशत लागत सहभागिता अन्तर्गत दर्ता हुन आएका देहाय बमोजिमका योजनाहरुलाई मांगको अग्रता, आवश्यकता र विनियोजित रकमको आधारमा कार्यान्वयन गर्ने निर्णय गरियो।

| क्र. सं. | योजनाको नाम | वडा | मांग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | जनजागृति मा. वि. सखुवाघाटमा प्राविधिक शिक्षा छात्रावास निर्माण | १६ | २५ लाख | |
| २ | चौकी पूर्व टोल एनआइसी एसिया बैंकदेखि पूर्व ईमरोज अन्सारीको घरसम्मको नाला निर्माण | ७ | ५ लाख | |
| ३ | जनता मावि रजघट्टा प्राविधिक कृषि छात्रावास निर्माण | १४ | १० लाख | |
| ४ | रामटोल नाला निर्माण | ७ | | |
| ५ | सगरदिना बाँधपैनी राजेश मेटलदेखि ईमलीपर्ती चोकसम्म पक्की कुलो निर्माण | ८ | | |
| ६ | दर्पण छाँया खानेपानी मुहान पाइपलाइन विस्तार | २२ | | |
| ७ | नरबस्ती रत्न उप्रेतीको घरदेखी प्रकाश खडकाको मिलसम्म पक्की नाला निर्माण | २ | | |
| ८ | सिप्रदी र सुर्य नेपाल पर्खालवीचबाट बजनी गाउँ जाने बाटो ढलान | ३ | | |
| ९ | राजेन्द्र सुवेदीको घरदेखि मालपोत कार्यालय जाने बाटो ढलान तथा नाला निर्माण | ३ | | |
| १० | आदर्शटोलको रोजी गेष्ट हाउसदेखि पूर्व जाने बाटो ढलान | २ | | |
| ११ | भाङ्ग्रा खोलादेखि पूर्व शुकवीर मग्रातीको घर हुदै जाने बाटो | २ | | |

६) यस उपमहानगरपालिकामा निर्माण भएका पुराना भवन घरटहराको नक्शापासको सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४२ को व्यवस्थालाई कडाईका साथ पालना गराउने निर्णय गरियो । अन्य घरटहराहरुको हकमा अभिलेखीकरण कार्य अभियानको रुपमा चालु आर्थिक वर्षभित्र अघि बढाउने निर्णय गरियो ।

७) यस उपमहानगरपालिकाको आ. व. २०७६।०७७ को वार्षिक योजना छनोटको लागि वडा समितिले बस्तीस्तरमा छलफल गराई आएका योजनाहरु वडाले विषयगत शिर्षकको आधारमा योजना तथा बजेटको तयारी प्रक्रिया अघि बढाउने र सोका लागि विषयगत समितिलाई मार्गनिर्देश गर्ने निर्णय गरियो।

८) यस उपमहानगरपालिकाले आ. व. २०७५।०७६ को आयतर्फका करठेक्काहरुमा देखिएका समस्याहरुको सन्दर्भमा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त पत्र अनुसार पुनरावलोकनका लागि स्थानीय राजस्व परामर्श समितिलाई प्रस्तावको रुपमा आगामी वैठकमा ल्याउन जिम्मेवारी दिने निर्णय गरियो ।

९) विविध:

क) यस उपमहानगरपालिका अन्तर्गतका कर्मचारीहरुलाई थप प्रोत्साहन सुविधाको हकमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत मापदण्ड बमोजिम गर्ने निर्णय गरियो ।

ख) गत आ. व. २०७४।०७५ मा वडास्तरीय योजना अन्तर्गत वडा नं ७ को महेन्द्र साह र लक्ष्मी सोनार घर जाने बाटोको नाला निर्माणमा विनियोजित रकम रु. ५ लाख अघिल्लो आवको छुट भएकोमा उक्त योजनालाई कार्य सम्पन्नताको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

ग) जीतपुरसिमरा उपमहानगरपालिकाको प्रथम नगरसभाबाट स्वीकृत भई समयावधिभित्र कार्य सम्पन्न हुन नसकी अल्या भई आएका योजनाहरुको हकमा फागुन १५ गते भित्र सम्झौता गरी सक्नुपर्ने र आ व २०७५।०७६ को योजनाको हकमा फागुन मसान्तभित्र सम्झौता गरी बैशाख मसान्तभित्र भुक्तानी लिई सक्नु पर्ने गरी वडा समितिलाई मार्गनिर्देश गर्ने निर्णय गरियो ।

घ) विभिन्न वडाहरुबाट योजना संशोधनकालागि प्राप्त सिफारिशको आधारमा तपसिल बमोजिम योजना संशोधन गर्ने निर्णय गरियोः

| क.सं. | साविकको योजना | रकम रु. | संशोधित योजना | रकम रु. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बाटो ढलान तथा नाला निर्माण सोहरमजीको घरदेखी उत्तर रेजिनाको घर सम्म | ५,००,००० | बाटो ढलान तथा नाला निर्माण बोरिङ्गटोल | ५,००,००० | ७ | वडा स्तरिय |
| २. | क) सीतारामको घरदेखी स्वास्थ्य चौकी सम्मको बाटो ढलान<br>ख) सुखाडीको घरदेखी नथुनीको घरसम्म माटो पुरी ग्रावेल | ८,००,०००<br>२५०,००० | महन्त धोवीको घरदेखी भोला अन्सारीको ग्वाससम्म बाटो ढलान र अन्सारुलको घरसम्म नाला निर्माण<br>साविक २० लाख मध्ये विद्युतीकरणमा ४ लाख बिनियोजन गरी बाँकी रहेको १६ लाखमा थप १० लाख ५० हजार | २६,५०,००० | २४ | वडा स्तरिय |
| ३. | क) सुल्तान अन्सारीको घरदेखी मूल बाटोसम्मको अधुरो पक्की नाला निर्माण<br>ख) जामे मश्जिद जाने बाटोमा माटो पुर्ने तथा ग्रावेल | १७,००,०००<br>५,००,००० | सुल्तान अन्सारीको घरदेखी मूल बाटोसम्मको अधुरो पक्की नाला निर्माण तथा बाटो ग्रेभल | २२,००,००० | २४ | वडा स्तरिय |
| ४. | अति विपन्न बर्गहरुलाई स्वास्थ्य विमा कार्यक्रम | १,००,००० | विभिन्न ठाँउहरुमा ह्युमपाईप खरिद | १,००,००० | १५ | वडा स्तरिय |
| ५. | रमौली लोसण्डा पक्की बांध (वडा ८, ९, १० र २४ लक्षित) | १०,००,००० | सिरसीया खोला देखि वडा नं. १० र परवानीपुर गापाको सिमाना सम्म कुलो सफाई र कृषक सडक निर्माण | १०,००,००० | १० | वडा स्तरिय |
| ६. | बदाफर कतर्वा अधुरो नाला निर्माण | ९,००,००० | क) रामजी आदर्श खानेपानी समरशीयल पम्प खरिद सहकार्यमा मोटर ७.५ ह.पा.<br>ख) शहरी स्वास्थ्य क्लिनिक टाँगियावस्तीको अधुरो भवन पुर्ण गर्न<br>ग) बदाफर छठीघाटदेखि धर्मनगरसम्म कृषि सडक निर्माण<br>घ) कुलो निर्माण पिलुवा निरन्तरता | १,००,०००<br>२,५०,०००<br>२,००,०००<br>३,५०,००० | १६ | वडा स्तरिय |
| ७. | स्थानीय संस्कृती झल्किने कार्यहरुमा सहयोग | १,८०,००० | क) साङक टासी देछेन लिङ बिश्व शान्ती बौद्ध गुम्बा सिमरा सहयोग<br>ख) आदीवासी जनजातीको कार्यक्रम सहयोग | २३,०००<br>२३,००० | १ | वडा स्तरिय |
| ८. | खेलकुद सम्बन्धी क्रियाकलाप र सामाग्री सहयोग | २,८५,००० | क) ग्राशरुट फुटबल कार्यक्रम<br>ख) मावि पथलैया खेलकुद सामाग्री खरिद | १,५०,०००<br>२५,००० | १ | वडा स्तरिय |
| ९. | फोहोरमैला ब्यवस्थापनमा मागमा आधारित (१ नं वडा) | ७,००,००० | गोविन्द टोलमा नालासहितको अधुरो बाटो ढलान | ७,००,००० | १ | वडा स्तरिय |
| १०. | फोहोरमैला ब्यवस्थापनमा मागमा आधारित (४ नं वडा) | ८,००,००० | देवाश्रम बाटो ढलान | ८,००,००० | ४ | वडा स्तरिय |

ङ) खुला दिशामुक्त क्षेत्र अभियानक्रममा वडा नं ६ र ९ खुला दिशामुक्त क्षेत्र घोषणा र सोका लागि भएको खर्च अनुमोदन गरियो । अन्य वडाहरुमा पनि अभियानलाई तीव्रता दिन W- Wash CC लाई मार्गनिर्देश गर्ने निर्णय गरियो ।